नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समितिका

अध्यक्ष शम्भु बहादुर कार्की
सदस्य मणिरत्न तुलाधर
सदस्य हेमराज गौतम
बाट भएको निर्णय

२०६६।६७ साल निर्णय नं. २

बिवाद द.नं.२।०६६।६७

**बिवाद :- पुनरावलोकन गरी न्याय पाउँ ।**

श्री पशुपति आधुनिक चामल मिल खनार-४ सुनसरीका
प्रो. अशोक कुमार अग्रवाल - १ → पुरावलोकन माग कर्ता निबेदक

**बिरुद्ध**

श्री नं.२ बाहिनी अड्डा हिलेको बाहिनीपती - १ → प्रत्यर्थी बिपक्ष

शुरु निर्णय गर्ने निकाय प्रमुख :- श्री नं.२ बाहिनीका बाहिनीपती

श्री नं.२. बाहिनी हिलेले गरेको निर्णय आदेशमा चित्त नबुझि पुनरावलोकनको लागि परेको निबेदन र बिपक्षी श्री नं.२ बाहिनी अड्डा हिलेबाट प्राप्त प्रतिकृया सहित पेश भएको प्रस्तुत बिवादको तथ्य र निर्णय खण्ड यस प्रकार छ ।

**तथ्य खण्ड**

नेपाल राज्य भरिका सैनिक व्यारेकको लागि श्री प्रबन्धरथी बिभागले मिति २०६६।६।१६ मा सूचना प्रकाशित गरे अनुसार उक्त सूचनाको नं.३२ मा उल्लेख भए अनुसारको कागज पेश गरी बोलपत्र फाराम खरिद गरी श्री नं. २ बाहिनी अड्डा हिले व्यारेकको लागि नियम तथा बोलपत्रमा लेखेका शर्त राम्ररी अध्ययन गरी मु.अ.कर बाहेक वार्षिक रु.५,२५,३०,६६८।६० राखी बोलपत्र पेश गरेको थिए । उक्त व्यारेकले वार्षिक रकम ५,८५,३३,५४६।२० को सांगा कन्सर्न सांगा-३ काभ्रेको प्रो. प्रकाशचन्द्र जोशीको ठेक्का स्वीकृत गर्ने मिति २०६६।१०।७ को पत्र २०६६।१०।८ मा मेरा मानिसलाई बुझाएको थियो । सो पत्र प्राप्त भए पछि मेरो बोलपत्र नियमित हुंदा हुंदै के कति कारणले बढि दररेट वाला बोलपत्र स्वीकृत गरिएको हो, पुनरावलोकन गरी पाउँ भनी निबेदन दिएकोमा मेरो बोलपत्र अनियमित भएको कारण

नखुलाई कारवाही निलम्वन गर्न नपर्ने भनी उल्लेख गरेको मिति २०६६।१०।१५ को पत्र २०६६।१०।१७ मा बुझाईयो ।

सार्वजनिक निकाय प्रमुख समक्ष पुनरावलोकनको लागि निबेदन दिई सकेपछि ५ दिन भित्र निर्णय नगरेमा वा चित्त नबुझेमा ७ दिन भित्र समितिमा निवेदन दिने व्यवस्था भए वमोजिम बैंक जमानत समेतका कागजात राखी पठाएको छु । यस फर्मले आ.व.०६५।६६ को रासन ठेक्का श्री नं.२ बाहिनी व्यारेकको र ०६६।६७ को जि.प्र.का. भरतपुरको गरिरहेको छु । ९ नं. बाहिनीको मेरो बोलपत्र छनौटमा परे पनि बढि दररेट भएकोले नपाएको समेत जानकारी गराउंछु । पुनरावलोकन गरी न्याय पाउँ भनी आशा राख्दै समय भित्र इमेल तथा कुरियरबाट पठाएको छु भन्ने पुनरावलोकन निवेदन कर्ताको लेखाई देखिन्छ ।

पशुपति आधुनिक चामल मिल खनार-४ सुनसरीका प्रो.अशोक कुमार अग्रवालको बोलपत्र साथ पेश भएका घरेलु तथा साना उद्योग कार्यालय सुनसरीबाट जारी भएको प्रमापत्र, नमुना गा.बि.स. खनार सुनसरीबाट जारी व्यवसायिक प्रमाणपत्र, उद्योग बाणिज्य संघ सुनसरीबाट जारी सदस्यता प्रमाण पत्रको सन्दर्भमा राय सुझाब यस कार्यालयमा प्राप्त भए वमोजिम निवेदकको बोलपत्र मुल्याङ्कनमा समाबेश गर्न नमिल्ने भई सारभूत रुपमा प्रभावग्राही बोलपत्र मध्ये सांगा कन्सर्न, सांगा -३ को प्रो.प्रकाशचन्द्र जोशीको दररेट सबैभन्दा कम भएकोले मुल्याङ्कन समितिबाट स्वीकृतीको लागि पेश भएको, घरेलु तथा साना उद्योग कार्यालयबाट दिएको पशुपति आधुनिक चामल मिलको प्रमाणपत्रको उद्देश्य मा चामल उत्पादन गर्ने मात्र उल्लेख भएको, बोलपत्र माग गरिए वमोजिम रासन आपूर्ति गर्ने नखुलाईएको पाइन्छ भने गा.बि.स.बाट जारी इजाजत पत्रमा रासन सामान सप्लाई गर्ने उद्देश्य खुलेको भएता पनि सार्वजनिक खरिद तथा अनुगमन कार्यालयको राय सुझाव तथा प्रबन्ध रथीको कार्यालयको निर्देशन, बाहिनी अड्डाबाट तयार भएको बोलपत्रको शर्त वमोजिम कानूनी ग्राह्ययताको परिक्षण र पूर्णताको परिक्षणमा अयोग्य भई सारभूत रुपमा प्रभावग्राही ठहर हुन नसकेको कारणबाट निजको बोलपत्र स्वीकृत हुन नसकेको व्यहोरा जानकारीको लागि अनुरोध छ भन्ने श्री नं.२ बाहिनी अड्डाको प्रतिकृया लेखाई देखिन्छ ।

पुनरावलोकन निवेदन र श्री नं. २ बाहिनी अड्डाको प्रतिकृया पत्र साथ प्राप्त कागजात हेर्दा यी निवेदकले घरेलु तथा साना उद्योग कार्यालय सुनसरीबाट २०४३ सालमा चामल उत्पादन गर्ने उद्देश्यबाट पशुपति आधुनिक चामल मिलको फर्म दर्ता गरी प्रमाण पत्र लिएको देखिन्छ । नमुना गा.बि.स. खनारबाट खाद्य सामाग्री र बिबिध सप्लाई गर्ने भनि व्यवसायिक प्रमाण पत्र र उद्योग बाणिज्य संघ सुनसरीबाट प्राप्त सदस्य प्रमाण पत्रको व्यवसायको किसिममा खाद्य सामाग्री कुटानी गरी बिबिध टेण्डर तथा सप्लाई सम्बन्धी कार्य गर्ने उल्लेख भएको प्रमाण पत्र पाएको देखिन्छ ।

जुन उद्देश्यको लागि फर्म दर्ता भएको हो सोही उद्देश्य वमोजिमको कार्य गर्नु पर्ने र गा.बि.स.लाई प्रमाण पत्र जारी गर्ने अधिकार नभएकोले त्यस्ता प्रमाणपत्र भएको बोलपत्रलाई प्रचलित कानूनी व्यवस्था अनुसार मुल्याङ्कन गर्न नमिल्ने भनि भएको राय एवं निर्देशन समेतको आधारमा पुनः मुल्याङ्कन भएको देखिन्छ । पुनः मुल्याङ्कन गर्दा मुल्याङ्कन समितिले पशुपति आधुनिक चामल मिल सबैभन्दा घटि भए पनि बोलपत्र साथ बाणिज्य बिभाग, कम्पनी

रजिष्ट्रारको कार्यालय, उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय मध्ये कुनै एक निकायबाट रासन आपूर्तिको उद्देश्य राखी जारी भएको इजाजत पत्र पेश गर्नु पर्नेमा सो पेश नगरी घरेलु तथा साना उद्योग कार्यालयबाट प्रदान गरेको प्रमाण पत्र पेश भएको उक्त प्रमाण पत्रमा कुनै एक आईटम (चामल) मात्र उत्पादन गर्ने उद्देश्य खुलाईएको तर रासन आपूर्ति तथा बिबिध सप्लाई वारे नखुलाईएइको् र गा.बि.स.बाट जारी प्रमाण पत्र भएकोमा उक्त प्रमाण पत्रमा खाद्य सामाग्री कुटानी गरि गा.बि.स.क्षेत्र भित्र मात्र बिबिध टेण्डर तथा सप्लाई सम्बन्धी कारोवार गर्ने गरि इजाजत दिएको उल्लेख भएको गा.बि.स.लाई त्यस्तो व्यवसायिक प्रमाण पत्र जारी गर्ने अधिकार देखिदैन । तसर्थ रासन आपूर्ति गर्ने उद्देश्य नभएको, गा.बि.स.ले जारी गरेको दर्ता प्रमाण पत्र भएको बोलपत्रदाताको बोलपत्र प्रचलित कानून अनुसार मुल्याङ्कन गर्न नमिल्ने भनि निर्णय भएको ।

## निर्णय खण्ड

यस समितिमा प्राप्त कागजात एवं मुल्याङ्कनको लागि लिईएका आधार र निवेदकको जिकिर समेतलाई मध्यनजर राखी पुनरावलोकन गर्दा निम्न कुरा देखिन आउंछ ।

सार्वजनिक निकायले रासन आपूर्तिका लागि बोलपत्र आव्हान गरेको २०६६।६।१६ को सूचनाको ३२ नं. मा बोलपत्रदाताले व्यवसाय दर्ता इजाजत पत्र (रासन आपूर्ति सम्वन्धी अनुमती पत्र) समेतका कागज निवेदन साथ पेश गरेर मात्र बोलपत्र प्राप्त गर्न सक्ने छ भन्ने उल्लेख भएकोमा सोही सूचनाको घ(३) मा उल्लेख भए वमोजिमको निकायबाट रासन आपूर्तिको अनुमति नलिएको बोलपत्रदातालाई बोलपत्र बिक्री गरेको कारणबाट प्रस्तुत बिवाद उठान भएको देखिन्छ । यस्तो कुरामा सार्वजनिक निकायको ध्यान आकर्षण हुनु जरुरी छ ।

बोलपत्रदाताले बोलपत्र प्राप्त गरेपछि बोलपत्र सम्बन्धमा दिएको निर्देशन राम्रोसंग अध्ययन गरि सो निर्देशनको परिपालना गर्नु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुन आउंछ । यी निबेदकले आफ्नो पुनरावलोकन गरी पाउँ भनी दिएको निबेदनको प्रथम प्रकरणमा बोलपत्रमा लेखेको शर्त राम्ररी अध्ययन गरी बोलपत्र पेश गरेको भनी उल्लेख गरेपनि बोलपत्रदातालाई दिएको निर्देशनको १(क)३ मा प्रष्ट रुपमा उललेख भएको निर्देशन अध्ययन गरेको दखिंएन । उल्लेखित निकाय मध्ये (कुनै एकबाट रासन आपूर्तिको अनुमति प्राप्त गरेको प्रमाण पत्र बोलपत्र साथ पेश गरेको देखिंदैन । निर्देशन १(क)३ मा उल्लेख निकायबाट प्राप्त गरेको प्रमाणपत्र पेश गर्न बोलपत्रदाताको दायित्व हो । बोलपत्रदाता आफ्नो दायित्व प्रति सजग रहेको पाईदैन । तोकिए वमोजिमको कागज पेश नगरी अन्य प्रयोजन र अन्य निकायबाट प्राप्त गरेका प्रमाण पेश भएको बोलपत्र सार्वजनिक खरिद ऐन एबं बोलपत्रको सूचना अनुसार पूर्णता प्राप्त गरेको बोलपत्र मान्न मिल्दैन । यस्तै प्रमाण पेश गरि यस अघि र हालैका वर्षको लागि समेत रासन आपूर्तिको ठेक्का पाई काम गर्दैछु भन्ने पनि निबेदकले निबेदनमा उल्लेख गरेको देखिन्छ । बिवाद नआएको समय र स्थानको बोलपत्र स्वीकृती भएको कुरा बिवाद उठेको ठाउंको लागि प्रमाण हुन सक्दैन । बिवाद उठेको कुरामा प्रमाणलाई नै आधार लिनु पर्दछ । निर्देशनमा उल्लेख भए वमोजिमको निकायबाट प्राप्त गरेको रासन आपूर्तिको प्रमाण पेश नगरी चामल उत्पादन गर्न अनुमति पाएको प्रमाण र तोकिए भन्दा गैह्र निकाय बाट प्राप्त गरेको खाद्यान्न कुटानी गरी बिबिध टेण्डर सप्लाई गर्ने अनुमति पत्र पेश भएको प्रमाण आपूर्तिको प्रमाणको रुपमा ग्राह्य हुन नसक्ने भएकोले निबेदक बोलपत्रदाताले बोलपत्र साथ पेश गरेको

प्रमाण अपुरो देखिन्छ । अपुरो भएको पाइएमा कुनै पनि समयमा सार्वजनिक निकायले त्यस्तो बोलपत्रदातालाई अयोग्य ठहराउन सक्ने सार्वजनिक खरिद ऐन,२०६३ को दफा १०(६) मा व्यवस्था भएको पाईन्छ ।

अतः कानूनमा भएको व्यवस्था, सार्वजनिक निकायले प्रकाशित गरेको सूचना, बोलपत्रदातालाई दिएको निर्देशन समेत उल्लेख बुंदामा लेखिएको निकायबाट रासन आपूर्तिको अनुमति प्रदान गरेको प्रमाण पत्र पेश नगरी चामल उत्पादनको अनुमति प्राप्त गरेको प्रमाण पत्र र तोकिएको निकाय भन्दा गैह्र निकायबाट खाद्यान्न आपूर्ति गर्ने अनुमति प्रदान गरिएको प्रमाण पत्र पेश गरेका बोलपत्रदाताको बोलपत्र मुल्याङ्कन गर्न नमिल्ने भनी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था र बोलपत्रमा उल्लेख शर्तको आधारमा सार्वजनिक निकायले गरेको निर्णय कानून सम्मत देखिंदा निबेदकको माग दाबी पुग्न सक्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को देहाय ५ वमोजिम पुनरावलोकन गरी पाउँ भन्ने माग दाबी खारेज हुने ठहर्दछ । अन्य कुरामा तपसिल वमोजिम गर्नु ।

## तपसिल

१. निबेदन माग दाबी खारेज भएकोले ०.५% ले हुने धरौटी रकम जफत हुन्छ । कानून वमोजिम गरि सदर र स्याहा गर्नु ।
२. यो निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिनु ।
३. यो निर्णयको नक्कल माग्न आएमा सम्बन्धित पक्षलाई कानूनको रित पुऱ्याई दिनु ।
४. निर्णयलाई अभिलेखबद्ध गरी राख्नु ।

| (हेमराज गौतम) | (मणिरत्न तुलाधर) | (शम्भु बहादुर कार्की) |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

ईति सम्बत् २०६६ साल पौष १९ गते रोज ४ शुभम् ..............................................